## अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको बैठक

बैठक संख्या: ९४
मिति: २०७७/०३/१८
उपस्थिति:

| | | | |
|---|---|---|---|
| नगर प्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| प्रमुख प्रशासकीय अधिकृत | श्री पंकज भूर्तेल | सचिव | |
| वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | सदस्य | |
| वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | सदस्य | |
| कार्यपालिका सदस्य | श्री खिनमान दास | सदस्य | |
| कार्यपालिका सदस्य | श्री दिलमाया दास | सदस्य | |
| कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | |
| कार्यपालिका सदस्य | श्री रमेशकुमार दर्जी | सदस्य | |
| कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य | |
| कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| आमन्त्रित | चुडामणि तिरौला | | |
| | | | |

अर्जुनधारा नगरपालिका

*नगर कार्यपालिकाको बैठकका निर्णयहरु बैठक संख्या १४* *मिति २०७७/०३/१८*

मिति २०७७/०३/१८ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय शनिश्चरे, झापा १ नं.प्रदेश, नेपाल

१. आ.व २०७७/७८ को अर्थ विधयेक स्वीकृतिको लागि सातौं नगरसभामा पेश गर्ने।

२. आ.व २०७७/७८ को लागि आइतबारे बजार पशु चौपाय विक्री तथा साप्ताहिक हाट बजार कर (आन्तरिक ठेक्का नं.१) को लागि २०७७ असाढ १२ गते शिलवन्दि वोल पत्र माग गरिएकोमा तोकिएको समय भित्र पर्न आएको दरभाउ पत्र मिति २०७७ असाढ १७ गते खोलिएकोमा सुरु कवोल अंक रु ३९,६१,४५०।–(अक्षेरुपी उन्नचालीस लाख एक्सठ्ठी हजार चार सय पचास मात्र) मा अर्जुनधारा २ स्थित लाह्सो कम्पनीले मात्र रु ३९,६२,०००।–(अक्षरुपी उन्नाचालीस लाख बैसठ्ठी हजार मात्र) अंक कवोल गरि दरभाउ पत्र पेश गरेकोमा उक्त कम्पनीलाई ठेक्का सम्झौता लागि पत्राचार गर्ने।

३.

क. अर्जुनधारा नगरपालिकाको आन्तरिक आय तर्फको आइतबारे पशु चौपाय विक्री तथा साप्ताहिक हाट बजार कर सम्बन्धमा आ.व २०७६/७७ मा शुभलक्ष्मी मनि ट्रान्फरसँग ५२ हप्ताको लागि सदर रकम रु ५१,७६,५५१।–(अक्षरुपी एकाउन्न लाख छयत्तर हजार पाँच सय एकाउन्न मात्र) मध्ये अग्रिम रकम जम्मा गरे बापत १० प्रतिशतको दरले नियमानुसार छुट पाउने रकम कट्टी गरि रु ४,६५८,८९५.९०।–(अक्षरुपी छयालीस लाख अन्ठाउन्न हजार आठ सय पन्वानब्बे रुपैया नब्बे पैसा मात्र) जम्मा गरेकोमा नेपाल सरकारले २०७६ चैत्र ११ गते बाट घोषणा गरेको लकडाउनको कारण ३६ हप्ता मात्र बजार संचालन भएकोले बाँकी रकम फिर्ता पाँउ भनि उक्त कम्पनिले माग गरेकोमा प्रति हप्ताको रु ८९,५९४।-१५(अक्षरुपी उनानब्बे हजार पाँच सय चौरानब्बे रुपैया पन्द्र पैसा मात्र) का दरले १६ हप्ताको हुन आउने कुल रकम रु ७,६०,५५५।-२७ (अक्षरुपी सात लाख साठ्ठी हजार पाँच सय पचपन्न रुपैया सत्ताईस पैसा मात्र) मा निजबाट नगरपालिकामा भ्याट (मुल्य अभिवृतिकर) बापतको रु ३७१०६२.४५।– रकम नगरपालिकाले लिई जम्मा रकम रु ११३१६१७.७२।- ठेक्का सम्झौता गरेको शुभलक्ष्मी मनि ट्रान्सफरलाई फिर्ता दिने।

ख. अर्जुनधारा नगरपालिकाको आन्तरिक आय तर्फको बजार ठेक्का(शनिश्चरे) खसी बजार,शनिश्चरे हाट बजार,कोला बजार,गोस हाट शनिश्चरे आ.व २०७६/७७ को प्रगतिशिल निर्माण सेवा बुद्धशान्ति २ ले गरेको कवोल अंक रु ८४१०००।– को १० प्रतिशत छुट, रकम रु७५६९००।–को सम्झौता पश्चातको १६ हप्ता बजार बन्द भई ३६ हप्ताको हुन आउने रकम रु ५२४००७।६९ भ्याट सहितको रकमा निजबाट न.पा. ले भ्याट रकम लिई भ्याट वुझाउने गरि जम्मा रु २९३१७६।३८ रुपैया निजलाई फिर्ता गर्ने निर्णय गरियो।

४. द्रोणाचार्य स्मृति प्रतिष्ठान नेपाल केन्द्रीय कार्य समिति भद्रपुर झापाले उक्त प्रतिष्ठान संचालनका लागि सहयोग माग गरेकोमा रु.४०,०००।–(अक्षरुपी चालीस हजार मात्र ) उपलब्ध गराउने।

५. नेपाल आदीवासी जनजाती महासंघ अर्जुनधारा नगर समन्वय परिषद झापाको शनिश्चरे बजार स्थित सामुदायिक भवनमा थ्रि फेज लाइन वाइरिङ तथा अन्य विद्युतीय मर्मत संभार बापत प्राप्त भएको विल भरपाई अनुसार रु ३५,०००।–(अक्षरुपी पैतीस हजार मात्र) उपलब्ध गराउने।

६. अर्जुनधारा नगरपालिकाद्धारा संचालन हुने सम्पुर्ण गतिविधि समेटी नगर बुलेटिन प्रकाशन गर्नको लागि साप्ताहिक यलम्बर टाइम्सलाई रु ६०,०००।–(अक्षरुपी साठीहजार मात्र) उपलब्ध गराउने।

७. प्रहरी चौकी शनिश्चरेको कार्यालय भवनको जीर्ण टिनको छाना फेर्नको लागि ७ बन्डिल टिन उपलब्ध गराउने।

८. अ.न.पा १ स्थित बेलटार खानेपानी उपभोक्ता तथा सरसाफाई समितिको माग अनुसार पूर्व लगत स्टिमेट परिवर्तनको लागि अनुमति दिने।

हरी कुमार रोका मगर
नगर प्रमुख

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय शनिश्चरे, झापा १ नं. प्रदेश, नेपाल

९. अ.न.पा-१ र रोङ गाउँपालिकाको सिमानामा मिति २०७६ साल फागुन ३ गतेबाट ५ दिन सम्म संचालन भएको पाँच दिने लारुम्वेटार पर्यटन महोत्सवको लागि आयोजक समितिलाई रु २०,०००।-(रु विस हजार मात्र) उपलब्ध गराउने।

१०. नगरपालिकाको बैठकको निर्णय कार्यान्यवन गर्ने सन्दर्भमा वडा सचिवहरुले वडा अध्यक्षहरुसँग परामर्श गरि ७२ घण्टा भित्र वडा कार्यसमितिको बैठक राखि परिपत्र अनुसार निर्णय कार्यान्यवन गर्ने गराउने साथै आगामी आ.व मा वडाहरुलाइ प्रदान गरिने संचालन खर्च वडा समितिको बैठकको निर्णयअनुसार खर्च गर्ने र वडा भित्रहुने सर्जिमिन मुचुल्का बापत कर कट्टी बाहेक कर्मचारिले प्राप्त गर्ने रकम रु ५००।- कायम गर्ने।

११. शसस्त्र प्रहरी वल नेपाल सुरक्षा वेस क्याम शनिश्चरेको कार्यालय व्यवस्थापनको लागि रु ३०,०००।-(अक्षरुपी तीस हजार मात्र) उपलब्ध गराउने।

१२. कृषि टि.भी. कार्यक्रम प्रोफाइल निर्माणको लागि रु ८०,०००।-(अक्षरुपी असी हजार मात्र) उपलब्ध गराउने।

१३. अ.न.पा ४ जरुवा टोल हुँदै खुदुनावारी जोड्ने ८९० मि. सडकको दुवै तर्फ नाली निर्माणको लागि प्रदेश सरकारसंग अनुरोध गर्ने।

१४. अ.न.पा १ स्थित खैरेनी टोल बाघे खोल्सीको चेक ढ्यामको एक भाग बाढिले बगाइ नष्ट भएकोमा मर्मतको लागि रु २५,०००।-(अक्षरुपी पच्चीस हजार मात्र) उपलब्ध गराउने।

१५. साहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि. र अ.न.पा को संयुक्त आयोजनामा स्नायू तथा नशा सम्बन्धी शिविर संचालन र उपचारमा भएको खर्च मध्ये रु १,७५,०००।- (अक्षरुपी एक लाख पचहत्तर हजार मात्र) साहारा नेपालको माग तथा सिफारिसको आधारमा उपलब्ध गराउने।

१६. सालबन्धी खैरेनी बाटोको लागि १० थान तारजाली उपलब्ध गराउने।

१७. अ.न.पा ११ स्थित स्टाफ चौक उत्तर हरी माझीको घर दक्षिण हिलेखोला तटबन्धन सम्बन्धमा गत आ.व को भुक्तानी हुन बाँकी रकम रु ४०,०००।-(अक्षरुपी चालीस हजार मात्र) र दक्षीण तर्फको तटबन्धन निर्माणको लागि रु १,६०,०००।-(अक्षरुपी एक लाख साठी हजार मात्र) गरि जम्मा रकम रु २,००,०००।-(अक्षरुपी दुई लाख मात्र) उपलब्ध गराउने।

१८. अर्जुनधारा नगरपालिका २ स्थित गोयाङ खोला लगायत विभिन्न ठाँउमा मर्मत तथा स्फर निर्माणको लागि एकमुष्ठ ६५ थान तारजाली उपलब्ध गराउने।

१९. अ.न.पा २ स्थित झोलुङ्गे पुल मुनि रातेलाई १४ थान तारजाली र सो जाली भर्नका लागि नगद रु २५,०००।-(अक्षरुपी पच्चीस हजार मात्र) सहयोग दिने।

२०. टैकमान रंगशाला वाढी नियन्त्रणको लागि १९ थान तारजाली सहित रु ३८०००।-(अक्षरुपी अठ्तिस हजार मात्र) उपलब्ध गराउने।

२१. साविक स्थानीय तहको कर्मचारीहरुको स्तर वृद्धि सम्बन्धमा छलफलको लागि सातौँ नगर सभामा प्रस्ताव पेश गर्ने।

२२. वातावरण संरक्षण ऐन तथा नियमावली वमोजिम स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्र रहि स्विकृत गर्न सक्ने प्रारम्भिक वातावरणीय परीक्षण (IEE) स्विकृत गर्न तथा वातावरण व्यव्थापन वैज्ञानिक ढङ्गबाट गर्न पेश भए बमोजिमको वातावरण संरक्षण नियमावली स्विकृत गर्ने।

२३. विभिन्न वडाहरुबाट विपद व्यवस्थापन तथा स्पर निर्माणको लागि तारजालीको माग आइरहेको सन्दर्भमा वर्षातको समयमा हुन सक्ने जोखिम र त्यसको न्यूनिकरण तथा व्यवस्थापनको लागि रु १०,००,०००। -(अक्षरुपी दश लाख मात्र) बराबरको तारजाली खरिद गर्ने।

९३।८२
हरी कुमार राँना मगर
नगर प्रमुख

२४. आन्तरिक आय बजार ठेक्का (खसि बजार, शनिश्चरे हाट बजार,खोलां बजार,गोसखान शनिश्चरे) को प्रथम पटक रु ९२४०००।–(अक्षरुपी नौ लाख चौवीस हजार मात्र) को ठेक्का सम्झौता आह्वान गर्दा कुनै पनि दरखास्त निवेदन नपरेकोले सोही अंकमा दोस्रो पटक ठेक्का आह्वान गर्ने

२५. अ.न.पा.६ बस्ने श्री धनमाया धमलाको आर्थिक अवस्था अति कमजोर भएको हुँदा निजको घर निर्माणका लागि रु १०००००/-(अक्षेरुपी एक लाख मात्र ) उपलब्ध गराउने।

२६. आ.व. २०७७/७८ देखि अ.न.पा.नगरपालिकाबाट संचालन हुने ५ लाख वा सो भन्दा बढी रकमका सम्पूर्ण आयोजनाहरुको निर्माण ठेक्का प्रक्रिया मार्फत संचालन गर्ने गराउने साथै संघ र प्रदेश मार्फत प्राप्त रकमबाट संचालन हुने आयोजनाहरु मात्र उपभोक्ता समिति मार्फत संचालन गर्ने।

२७. सम्झौता भएका वा हुन बाँकी कामहरु विवादित भएको भए त्यस्ता सबै योजनाहरु आगामी वर्ष संचालनमा ल्याउने।

९५।०३।२०७७
हरी कुमार राना मगर
नगर प्रमुख